“समृद्ध धुर्कोटः हाम्रो शान ”

# धुर्कोट गाउँपालिका

## “ शहिद शमशेर स्मृति पार्क संचालन कार्यविधि २०७८”




## धुर्कोट गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

**बर्बोट,गुल्मी**

**. लुम्बिनी प्रदेश, नेपाल**

# *शहिद शमशेर स्मृति पार्क संचालन कार्यविधि २०७८*

प्रमाणिकरण मितिः २०७८।१०।१७

**प्रस्तावनाः**

नेपालको संविधानमा व्यवस्था भएका स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिमका स्थानीय तहका काम, कर्तव्य र अधिकारहरुको कार्यान्वयन गर्न तथा स्थानीय स्तरमा विभिन्न कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाको आफ्नो आन्तरीक स्रोतको व्यवस्थापन गर्नु पर्दछ । त्यस्ता स्रोतहरुलाई समय सापेक्ष गाउँपालिका भित्र रहेका प्राकृतिक तथा सांस्कृति सम्पदाको खोजविन र संरक्षण गर्नु अपरिहार्य हुन जान्छ । नेपाली जनताको अधिकार स्थापित गर्न आफ्नो ज्यानको प्रभावह नगरी आन्दोलनमा शहिद भएका व्यक्तिहरुको नामवाट सांस्कृतिक सम्पदाको नामाकरण गरी गाउँपालिकाको समृद्धि र शान वढाउनु गौरवको विषय बन्दछ । त्यस्ता गौरवका आयोजना तथा पार्कहरुवाट गाउँपालिकाको आयको स्रोत पनि बन्न सक्छ । गाउँपालिकाले सम्पदाहरुको संरक्षण तथा संचालन आफैले गर्नु भन्दा समिति मार्फत संचालन तथा संरक्षण गर्नु राम्रो हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम **"शहिद शमशेर स्मृति पार्क संचालन कार्यविधि २०७८"** तर्जुमा गरी लागु गरेकोछ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :–**

१) यस कार्यविधिको नाम **"शहिद शमशेर स्मृति पार्क संचालन कार्यविधि– २०७८"**रहने छ ।

२) यो कार्यविधि धुर्कोट गाउँपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२.परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) **"संविधान "** भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्छ ।

(ख) **"स्थानीय तह"** भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमको गाउँपालिका सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"**भन्नाले गाउँकार्यपालिका सम्झनु पर्छ ।

(घ) **"अध्यक्ष"** भन्नाले धुर्कोट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले धुर्कोट गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) **"सदस्य"** भन्नाले धुर्कोट गाउँपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले धुर्कोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) **"समिति"** भन्नाले कार्यविधि बमोजिम बनेका समिति भनी सम्झनु पर्दछ ।

(झ) **"कार्यविधि"**भन्नाले **"शहिद शमशेर स्मृति पार्क संचालन** कार्यविधि–२०७८ बुझ्नुपर्छ ।

(ञ)**"गाउँपालिका भन्नाले"** धुर्कोट गाउँपालिका बुझ्नुपर्छ ।

(ट) **"ऐन "**भन्नाले स्थानीय सरकार सञ्चालन ऐन–२०७४ बुझ्नुपर्छ ।

(ठ) **"स्मृति पार्क"** भन्नाले शहिदको नामवाट स्थापना गरिएको उपवन,बगैंचा सम्झनुपर्छ ।

(ड) **"संचालन समिति"** भन्नाले गाउँपालिकाको संरक्षण तथा परिचालनमा संचालन हुने गरी गठन गरिएको शहिद शम्शेर बहादुर स्मृति पार्क परिचालन समिति सम्झनु पर्दछ ।

## ३. निर्देशक समितिको गठन :-

(१) गाउँपालिकावाट निर्मित शहिद शम्शेर बहादुर स्मृति पार्क परिचालन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित
ढंगले संचालन गर्न गाउँपालिकामा देहायनुसारको ९ सदस्यीय निर्देशक समिति गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष - उपाध्यक्ष
(ग) गाउँपालिका प्रमुख प्रशासशीय अधिकृत - सदस्य
(घ) सम्बन्धित वडाको वडा अध्यक्ष -१ जना सदस्य
(ङ) गाउँपालिकाले मनोनयन गरेको कार्यपालिका महिला सदस्य -१ जना सदस्य
(च) गाउँपालिका स्तरको सरसफाई समितिवाट - १ सदस्य
(छ) गाउँपालिका स्तरको महिला संजाल प्रतिनिधि -१ सदस्य
(ज) सम्बन्धीत वडाको युवा क्लब प्रतिनिधि -१ सदस्य
(झ) खानेपानी ,सरसफाइ तथा स्वच्छता(वास) इकाई प्रमुख - सदस्य सचिव

२.निर्देशक समितिको बैठक सामान्यतया दुई महिनामा एकपटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ । आवश्यकता महसुस भएमा निर्देशक समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

३. निर्देशक समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

## ४. निर्देशक समितिको काम, कर्तव्य र अधिकार :-

(क) शहिद शम्शेर बहादुर स्मृति पार्क व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन , मूल्याङ्कन र समीक्षा गर्ने ।

(ख) पार्क व्यवस्थापन तथा सरसफाई कार्यका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने ।

(ग) स्मृति पार्क संचालन गर्न ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।

(घ) गाउँपालिका क्षेत्रमा रहेको शहिद स्मृति पार्कलाई अवलोकन योग्य आकर्षण बनाउन गाउँपालिकाबाट आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।

(ङ) स्मृति पार्कको आकर्षण बढाउन विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय कायम गर्ने ।

(च) पार्कको मर्मत तथा आकर्षण वढाउन पालिकाले थप बजेटको व्यवस्था गर्नेछ ।

(छ) गाउँपालिका र स्मृति पार्क परिचालन समिति बीच संझौता प्रकृया अपनाइ शहिद शम्शेरबहादुर स्मृति पार्क संचालन समितिलाई परिचालन तथा व्यवस्थापनका लागि जिम्मेवारी दिने ।

## ५ . शहिद शमशेर स्मृति पार्क संचालन समिति :

उपभोक्ताहरुको आमभेलावाट ७ देखि ९ सदस्यीय शहिद शमशेर स्मृति पार्क संचालन समिति गठन तथा पुनर्गठन गरिनेछ । उक्त समितिमा अध्यक्ष , सचिव र कोषाध्यक्ष मध्ये १ जना महिला अनिवार्य हुनु पर्नेछ । समितिको समयावधि ३ वर्षको हुनेछ र प्रत्येक वर्ष वार्षिक साधारण सभा गर्नु पर्नेछ ।

(क) अध्यक्ष - १
(ख) सचिव -१
(ग) कोषाध्यक्ष -१

(घ) महिला सदस्य (वडाले तोकेको ) - १
(ङ) शहिद परिवारवाट गाउँपालिकाले तोकेको सदस्य - १
(च) अन्य सदस्य -३
(६) सदस्य सचिव( गाउँपालिकाले तोकेको कर्मचारी) -१ जना

**(६) समिति गठन तथा परिचालन :**

गाउँपालिकाको निर्देशनमा समितिले आफ्नो शहिद शमशेर स्मृति पार्क विधान तयार गरी संचालन गर्दै जानु पर्नेछ। आवश्यक परेमा समितिले विशेष साधारण सभा समेत आयोजना गर्न सक्नेछ। पार्क संचालन गाउँपालिकाको निर्देशक समितिको सरसल्लाहमा व्यवस्थापन गरिनेछ।

**(७) फोहोरमैलाको व्यवस्थापन :**

(१) शहिद पार्कवाट संकलन भएको फोहोर समितिले आफै व्यवस्थापन गर्नु पर्नेछ।

(२) शहिद पार्कमा संकलन भएको फोहोरलाई फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी व्यवस्था मिलाउनु पर्नेछ ।

**८. सेवा शुल्क उठाउन सक्ने :**

(१) गाउँपालिकाको निर्देशनमा नगदी रसिदको माध्यमवाट संघसंस्था, कार्यालय वा व्यक्तिवाट संचालन समितिले प्रवेश शुल्क उठाउनेछ।

(२) प्रवेश शुल्क विद्यार्थीहरुको लागि परिचय पत्रको आधारमा रु.१०।-, जेष्ठ नागरिकलाई परिचयपत्रको आधारमा निशुल्क प्रवेश हुने छ र अन्य व्यक्तिको हकमा रु.२०।- र नेपाल वाहिरको विदेशी पर्यटकलाई रु.५०।-प्रवेश शुल्क लाग्ने छ।

(३) पार्कमा फ्रि वाइफाईको व्यवस्था गाउँपालिकावाट हुनेछ।

(४) नियमित रुपमा पार्क संचालन हुनेछ।

(५) पार्क संचालन समितिले उठेको शुल्कवाट कर्मचारी तथा गार्डको व्यवस्था गरी परिचालन गर्न सक्नेछ।

**९. कोषको व्यवस्था:**

(१) पार्क संचालवाट उठेको रकम समितिको बैंक खातामा जम्मा हुनेछ।

(२) कोष परिचालनको लागि खाता संचालन उपभोक्ता समितिको अध्यक्ष, कोषाध्यक्ष र गाउँकार्यपालिकाले तोकेको एक जना कर्मचारी सदस्य सचिवको संयुक्त दस्तखतवाट गाउँपालिकाले तोकेको बैंकवाट संचालन हुनेछ।

(३) कोष व्यवस्थापनका लागि गाउँपालिकाले वार्षिक रुपमा संचालन खर्चको व्यवस्थापन गर्नेछ।

(४) समितिले पौष मसान्त भित्र लेखापरिक्षण गरी प्रतिवेदन गाउँपालिकामा पेश गर्ने छ।

(५) विभिन्न दातृ निकाय, संघ प्रदेश र स्थानीय सरकारवाट प्राप्त रकम र संघसंस्थावाट प्राप्त रकमलाई कोषमा जम्मा गर्नु पर्नेछ।